# धुनिवेशी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**खानीखोला, धादिङ**

## आ.व. ०७७/०७८ को लागि आन्तरिक आयको ठेक्का वन्दोवस्त गर्ने सम्वन्धी वोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७।०५।१७**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२क र यस नगरपालिकाको आर्थिक ऐन, २०७७ को व्यवस्था बमोजिम यस नगरपालिका क्षेत्र भित्र देहाय अनुसार आ.व. ०७७/०७८ को लागि आन्तरिक आय सम्वन्धी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले नगरपालिकावाट तोकिएको दर रेटमा खोला, खानी तथा अन्य क्षेत्रहरुवाट स्वीकृत परिमाण भन्दा वढि उत्खनन् नहुने गरी विक्री शुल्क संकलनको ठेक्का लिन ईच्छुक (मु.अ. कर दर्ता प्रमाण पत्र, आ.व. २०७७/०७८ सम्मको फर्म नवीकरण, आ.व. २०७५/०७६ को आयकर चुक्ता प्रमाण पत्र भएको र आ.व.०७६।७७ को कर विवरण पेश गरेको प्रमाणित कागजात भएको) फर्म वा कम्पनीवाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी वोलपत्र आव्हान गरी सोही प्रक्रियाबाट संकलन गर्नु पर्ने भएकोले योग्य र इच्छुक फर्म, कम्पनि वा बोलपत्र दाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp मार्फत पेश गर्न यो सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ । रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

| सि. नं. | ठेक्का नं. | ठेक्काको किसिम | कर तथा शुल्क उठाउन पाउने विषय एवं स्वीकृत दररेट | आ.व. ०७७/७८ का लागि कायम वार्षिक न्यूनतम अंक(मु.अ. कर वाहेक)रु. | वोलपत्र फाराम दस्तुर रु. | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १ | राजस्व १।०७७/०७८ | धुनिवेशी नगरक्षेत्र (साविक छत्रेदेउराली गा.वि.स.) मा दर्ता भएका खानी, कोल्पुखोलाको धुनीवेशी नगर क्षेत्र, लगायत अन्य क्षेत्रमा संकलन, भएको, ढुंगा, गिट्टी, वालुवा, रोडा, ग्राभेल,स्लेट, विछ्याउने ढुंगा, माटो आइ.इ.इ. प्रतिवेदनले तोके अनुरुप संकलन घाटगद्धी तथा विक्री शुल्क उठाउने कार्य । | ढुंगा, गिट्टी, वालुवा, रोडा, ग्राभेल,वेस संकलन (स्वीकृत खानी वाहेकका क्षेत्र) शुल्क प्रति क्यू फिट ९।०० (नौ) रुपैया, स्वीकृत खानी क्षेत्रको ढुंगा, गिट्टी, वालुवा, रोडा, ग्राभेल,वेस विक्री शुल्क प्रति क्यू फिट ६।०० (छ) रुपैया, | २,१३,०००००। दुइ करोड तेह्र लाख मात्र | ५०००।- | कवोल अंकको ५ प्रतिशत |
| २ | राजस्व २।०७७/०७८ | धुनिवेशी नगरपालिका क्षेत्रका राष्ट्रिय राजमार्ग बाहेकका सडकहरुमा पुर्वाधार (सडक) उपयोग शुल्क | निजि तथा भाडाका बस ट्रक, ट्रिपर प्रति टिप रु १००।- मिनी बस तथा मिनिट्रक, आइचर प्रति टिप रु ७५।- निसान लगायत मालबाहक साना सवारी | ९९,०२,०००। उनान्सय लाख दुइ हजार मात्र | ३०००। | कवोल अंकको पाँच |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | उठाउने कार्य | साधन प्रति टिप रु ५०।- भाडाका ट्याक्सी, जीप, माइक्रो बस प्रति टिप रु २५।- | | | प्रतिशत |
| ३ | राजस्व ३।०७७ /०७८ | विज्ञापन कर संकलन कार्य | होडिङ्गवोर्ड, ग्लो साइन वोर्ड, डिपियस वोर्ड तथा वाल पेन्ट प्रति वर्ग फिट रु ६५।- ब्यानर वढीमा एक महिनाको लागि प्रति वर्ग फिट रु. ३००। | १०,०००००। (दश लाख मात्र) आ.व. ०७७।७८ र आ.व.०७८।७९ का लागि | ३०००। | कवोल अंकको पाँच प्रतिशत |

**वैंकको नाम :** राष्ट्रिय वाणिज्य वैंक शाखा खानीखोला **वैंक खाता नं. :** १०८००३०३००००००३ (धरौटीको लागि)
**वैंक खाता नं. :** १०८००३०१०१०००३ (वोलपत्र दस्तुरको लागि)

## शर्तहरुः

१) बोलपत्र भर्दा कबोल रकम अंक र अक्षर दुवैमा खुलाउनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिईनेछ । सारभुत रुपमा प्रभावग्राही र सबैभन्दा बढि रकम कबोल गर्ने बोलपत्र दाताको कवोल अंकको वोलपत्र स्वीकृत गरिनेछ ।

२) बोलपत्र फारमहरुमा उल्लेख भएका सवै विवरणहरु भरी वोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी ३१ औं दिनको १२:०० बजे भित्र विद्युतिय प्रति दर्ता गर्नु पर्ने छ ।

३) वोलपत्र सम्बन्धि कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे देखि वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिने छ ।

४) ठेक्का अवधि ठेक्का नं राजश्व १।०७७/७८ र राजश्व २।०७७/७८ को लागि नगरपालिकासंग ठेक्का सम्झौता भएको मिति देखि २०७८ साल आषाढ मसान्त सम्म रहनेछ । ठेक्का नं राजश्व ३।०७७/७८ को लागि नगरपालिकासंग ठेक्का सम्झौता भएको मिति देखि २०७९ साल आषाढ मसान्त सम्म रहनेछ । वन्द, हड्ताल अन्य आदि कारण देखाई कुनै पनि किसिमको क्षतिपुर्ती, मिनाहा, छुट आदि कुनै दावी गर्न पाईने छैन । तर स्वीकृत भएको खानी र ( IEE) स्वीकृत भएको क्षेत्रमा प्रचलित कानुन बमोजिम बन्द भई ढुंगा, गिट्टी, वालुवा, रोडा, ग्राभेल, वेस लगायतका सामग्री उत्खनन, घाटगद्धी वा विक्री गर्न नपाउने अवस्था सृजना भएमा नगरकार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

५) स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले निषेध गरेको भारी मेशीन, उपकरण प्रयोग गर्न र तोकिएको समयावधिमा खोला क्षेत्रवाट सामाग्री उत्खनन् गर्न पाईने छैन । तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री गर्न सकिनेछ ।

६) नगरपालिकाको हितलाई मध्यनजर गरी कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७) बोलपत्रमा कुनै किसिमको शर्त मान्य हुनेछैन । साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

८) तोकिएको समयमा तोकिएको किस्ता रकम अनिवार्य रुपमा वुझाउन पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको वैंक जमानतवाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सोमा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउने छैन ।

९) कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१०) वोलपत्र फारम भर्ने पेश गर्ने संग्लग्न गर्ने आवश्यक कागजात, कर संकलन प्रक्रिया, कर संकलन केन्द्र, सामग्री संकलनको परिमाण तथा संकलन प्रकिया तथा आदिको बारेमा आवश्यक जानकारी लिनदिनको लागि वोलपत्रदाताहरु संग छलफल गर्नको लागी यस कार्यालयमा बोलपत्रको सूचना प्रकाशन भएको मितिले ७(सातौ) दिनको बिहान ११-१२ बजे सम्म पूर्व वोलपत्र बैठक (Pre bid meeting) राखिएको छ ।

११) माथि उल्लेखित ठेक्का अंकको थप मुल्य अभिवृद्धि कर (१३ प्रतिशत) समेत यस कार्यालयमा वुझाउनु पर्ने छ । नेपाल सरकारलाइ वुझाउनुपर्ने आय कर तथा अन्य कर वोलपत्रदाताले छुट्टै वुझाउनु पर्ने छ ।

१२) बोलपत्र स्वीकृत गर्न आसयको सुचना प्राप्त गरी निधारित समयमा कार्यालयमा सम्झौता गरी सक्नु पर्नेछ । तोकिएको समयभित्र सम्झौंता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटी जफत हुनेछ ।

१३) बोलपत्र स्वीकृत रकम बमोजिमको प्रथम किस्ता ३० प्रतिशत रकम बुझाई सम्झौता गर्नु पर्नेछ र बाँकी अवधिको लागि वार्षिक कवोल अंकको ७० प्रतिशत बराबर रकमको २०७८ श्रावण मसान्तसम्म मान्य अवधि भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ । वोलपत्रदाताले कवोल गरेको सम्पूर्ण अंक सम्झौताको समयमा नै वुझाएमा कवोल अंकको १० प्रतिशत छुट दिइनेछ ।

१४) ठेक्काको बांकी दुई किस्ता रकम सम्झौता अनुसारको समयमा वुझाउनु पर्ने छ ।

१५) यस सुचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र फारामसाथ संलग्न गरिएको आय ठेक्का सम्वन्धी अन्य शर्तहरुका प्रत्येक बुँदाहरु यसै सुचनाका शर्त सरह लागु हुनेछ । उल्लेखित शर्त पुरा नभएका बोलपत्रहरु मुल्यांकनमा समावेश गरिने छैन । यस शर्तमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

१६) नगरपालिका भित्रका राजमार्ग वाहेकका तोकिएका सडक विन्दुहरुमा मात्र ढुगां, गिटी, वालुवा, माटो, ग्रावेल, वेस, कृषि चुन जस्ता सामग्रीको विक्री कर एवं पूर्वाधार (सडक) उपयोग शुल्क संकलन गर्न पाईने छ ।

१७)तरकारी वोक्ने गाडीहरु, एम्बुलेन्स, विद्यालयका सवारी साधन, शवबाहन, दमकल, कुटनीतिक नियोगका सवारी साधन, संघिय , प्रदेश एवं स्थानीय सरकारका सरकारी सवारी साधनहरुमा कर संकलन गर्न पाईने छैन ।

१८) साविकमा कानुन बमोजिम दर्ता भई संचालनमा रहेको खानी हाल संचालनमा नरहेकोमा ठेक्का सूचना प्रकाशित भए पश्चात सो खानी संचालनमा आएमा वा नगरपालिकाले थप क्षेत्रमा वातवारणीय प्रभाव मूल्यांकन गरी क्षेत्र र परिमाण थप भएमा यो सूचना बमोजिमको विक्री कर संकलन गर्न पाईने छैन । यस सम्बन्धमा नगरपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

१९) यस नगरपालिकाका क्षेत्रको खोलाको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा प्रारम्भिक वातावरणिय प्रभाव मूल्याकंन, स्थानीय सरकार संचालन ऐन, २०७४, नगरपालिकावाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुने छ ।